नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :-

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

मिति: २०७६/७/२९

Original copy

श्री सचिव,
कृषि तथा पशुपन्छी विकास मन्त्रालय ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७६ लाई स्वीकृति गर्ने विषय मं.प.बै.सं. ३५/०७६ मिति २०७६/७/२९ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकोले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु–

<u>नेपाल सरकारको निर्णय–</u>

"कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७६ लाई स्वीकृति गर्ने विषयको कृषि तथा पशुपन्छी विकास मन्त्रालयको दर्ता नं. ६/१२-०७६/४/९ को प्रस्ताव मं.प.बै.सं. २०/०७६ मिति २०७६/४/१६ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७६/६/२९ को मन्त्रिपरिषद्, प्रशासन समितिको बैठकबाट सिफारिस भएको यसैसाथ संलग्न "कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७६" को दफा (३) को उपदफा (२) को खण्ड (ख) मा रहेको "किसान सदस्यको हकमा एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको" भन्ने व्यहोराको सट्टा "किसान सदस्यको हकमा व्यवसायिक वा सामूहिक कृषि कार्यमा कम्तिमा पाँच वर्षको अनुभव भएको" भन्ने व्यहोरा राखी अरू सिफारिश भएबमोजिम स्वीकृति गर्ने ।"

(लोकदर्शन रेग्मी)
मुख्यसचिव

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल

## कृषि तथा पशुपंक्षी विकास मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७६

प्रस्तावनाः कृषि तथा पशुपंक्षी विकास मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति तथा मनोनयन गर्ने सम्बन्धी व्यवस्थालाई वस्तुनिष्ठ, निष्पक्ष र पारदर्शी बनाउन आवश्यक भएकोले,

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको निर्देशिका बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस निर्देशिकाको नाम "कृषि तथा पशुपंक्षी विकास मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७६" रहेकोछ।

(२) यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अधिकार प्राप्त अधिकारी" भन्नाले पदाधिकारीको नियुक्ति वा मनोनयन गर्ने अधिकार प्राप्त अधिकारी वा निकाय सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले सार्वजनिक निकायको अध्यक्ष सम्झनु पर्छ।

(ग) "उपाध्यक्ष" भन्नाले सार्वजनिक निकायको उपाध्यक्ष सम्झनु पर्छ।

(घ) "कार्यकारी प्रमुख" भन्नाले सार्वजनिक निकायको कार्यकारी प्रमुख भै काम गर्ने कार्यकारी प्रमुख, कार्यकारी निर्देशक, महाप्रबन्धक वा प्रवन्ध सञ्चालक सम्झनु पर्छ र सो शब्दले सार्वजनिक निकायको कार्यकारी प्रमुखको रुपमा काम गर्नु पर्ने अन्य पदनामलाई समेत जनाउनेछ ।

(ङ) "पदाधिकारी" भन्नाले सार्वजनिक निकायको अध्यक्ष, उपाध्यक्ष, सदस्य वा कार्यकारी प्रमुख सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले नेपाल सरकारको कृषि तथा पशुपंक्षी विकास मन्त्रालय सम्झनु पर्छ।

(छ) "सदस्य" भन्नाले सार्वजनिक निकायको सदस्य सम्झनु पर्छ।

(ज) "सम्बन्धित कानून" भन्नाले पदाधिकारीको नियुक्ति वा मनोनयन हुने निकायसँग सम्बन्धी कानून सम्झनु पर्छ।

(झ) "सार्वजनिक निकाय" भन्नाले मन्त्रालय सम्बद्ध अनुसूची-१ बमोजिमका निकाय सम्झनु पर्छ।

(ञ) "सिफारिस समिति" भन्नाले दफा ८ बमोजिमको सिफारिस समिति सम्झनु पर्छ।

३. <u>पदाधिकारीको योग्यताः</u> (१) पदाधिकारीको नियुक्ति वा मनोनयनको योग्यता सम्बन्धित कानूनमा तोकिए बमोजिम हुनेछ।

(२) पदाधिकारीको नियुक्ति वा मनोनयनको योग्यता सम्बन्धमा सम्बन्धित कानूनमा व्यवस्था नभएकोमा देहायको पदाधिकारीको पदमा नियुक्ति वा मनोनयनको लागि देहाय बमोजिमको योग्यता आवश्यक पर्नेछः-

(क) अध्यक्ष र उपाध्यक्षको लागि मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उत्तीर्ण गरेको,

(ख) सदस्यको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक तह वा सो सरह र किसान सदस्यको हकमा एस.एल.सी वा सो सरह उत्तीर्ण गरेको,

(ग) कार्यकारी प्रमुखको लागि सम्बन्धित सार्वजनिक निकायको कार्य प्रकृतिसँग सम्बन्धित विषय वा प्रशासन, व्यवस्थापन, अर्थशास्त्र वा कानूनमा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उत्तीर्ण गरेको र कुनै संस्था वा निकायमा व्यवस्थापकको हैसियतले कम्तीमा पाँच वर्षको कार्य अनुभव हासिल गरेको ।

४. <u>नियुक्ति वा मनोनयनको लागि अयोग्य मानिनेः</u> पदाधिकारीको अयोग्यता सम्बन्धमा सम्बन्धित कानूनमा कुनै व्यवस्था भएकोमा सोही बमोजिम र त्यस्तो व्यवस्था नभएकोमा देहायको व्यक्ति पदाधिकारीको पदमा नियुक्ति वा मनोनयनका लागि अयोग्य मानिनेछः-

(क) गैरनेपाली नागरिक,

(ख) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, लागू औषधको कारोबार, पुरातात्त्विक वस्तु वा संरक्षित वन्यजन्तु सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको,

(ग) प्रचलित कानून बमोजिम कालो सूचीमा समावेश भई त्यस्तो सूचीबाट फुकुवा भएको तीन वर्ष अवधि पूरा नभएको,

(घ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(ङ) आफू नियुक्त हुने सार्वजनिक निकायमा हिताधिकारी वा लाभग्राही भएको,

(च) अध्यक्षको हकमा पैंतीस वर्ष र सदस्यको हकमा तीस वर्ष उमेर पूरा नभएको,

(छ) कार्यकारी प्रमुखको हकमा उमेर तीस वर्ष पूरा नभएको र साठी वर्ष नाघेको,

(ज) मानसिक सन्तुलन ठीक नभएको, वा

(झ) कार्यकारी प्रमुखको हकमा नियुक्त वा मनोनयन हुने सार्वजनिक निकायसँग कुनै ठेक्का पट्टा सम्झौता गरी काम गरिरहेको वा निजी स्वार्थ रहेको।

५. <u>पदावधिः</u> पदाधिकारीको पदावधि सम्बन्धित कानूनमा व्यवस्था भएकोमा सोही बमोजिम र त्यस्तो व्यवस्था नभएकोमा दफा ६ को अधीनमा रही दुई वर्षको हुनेछ।

तर निजको कार्यसम्पादन सन्तोषजनक भएमा अधिकार प्राप्त अधिकारीले बढीमा दुई वर्षसम्मका लागि कार्यकाल थप गर्न सक्नेछ ।

६. <u>पद रिक्त हुने अवस्थाः</u> (१) पदाधिकारीको पद रिक्त हुने सम्वन्धी व्यवस्था सम्बन्धित कानूनमा व्यवस्था भएकोमा सोही बमोजिम र त्यस्तो व्यवस्था नभएकोमा देहायको अवस्थामा पदाधिकारीको पद रिक्त हुनेछः-

(क) निजले पदबाट राजीनामा दिएमा,

(ख) निजको पदावधि समाप्त भएमा,

(ग) निजमा दफा ४ बमोजिमको अयोग्यता सिर्जना भएमा,

(घ) कार्यक्षमताको अभाव, खराब आचरण वा इमान्दारीपूर्वक पदीय जिम्मेवारी अनुरुप काम नगरेको ठहर भई अधिकार प्राप्त अधिकारीले पदबाट हटाएमा, वा

(ङ) निजको मृत्यु भएमा ।

(२) उपदफा (१) को खण्ड (घ) बमोजिम कुनै पदाधिकारीलाई पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ।

७. <u>प्रतिस्पर्धाबाट नियुक्ति गरिनेः</u> कार्यकारी प्रमुखको पदमा खुला प्रतिस्पर्धाका आधारमा नियुक्ति गरिनेछ।

८. <u>सिफारिस समितिः</u> (१) सम्बन्धित कानूनमा कार्यकारी प्रमुखको पदमा नियुक्तिको लागि सिफारिस सम्बन्धमा कुनै व्यवस्था भएकोमा सोही बमोजिम र त्यस्तो व्यवस्था नभएकोमा कार्यकारी प्रमुखको पदमा नियुक्तिका लागि मन्त्रालय समक्ष सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछः-

(क) मन्त्रालयको सचिव - संयोजक

(ख) मन्त्रालयले मनोनयन गरेको सम्बन्धित क्षेत्रको एक जना विषयविज्ञ - सदस्य

(ग) मन्त्रालयको प्रशासन महाशाखाको प्रमुख - सदस्य

(२) मन्त्रालयको सचिवले तोकेको उपसचिवले सिफारिस समितिको सदस्य-सचिवको रुपमा काम गर्नेछ।

(३) सिफारिस समितिले अनुसूची-१ को क्रम संख्या १ देखि ५ सम्मका सार्वजनिक निकायको कार्यकारी प्रमुखको पदमा सिफारिस गर्दाको अवस्थामा मन्त्रालयको कृषि सम्बन्धी विषय हेर्ने सचिव र क्रम संख्या ६ देखि ८ सम्मका सार्वजनिक निकायको कार्यकारी प्रमुखको पदमा सिफारिस गर्दाको अवस्थामा मन्त्रालयको पशुपंक्षी सम्बन्धी विषय हेर्ने सचिवले सो समितिको संयोजक भई काम गर्नेछ।

(४) सिफारिस समितिले कार्यकारी प्रमुखको पदमा सिफारिस गर्दा अवलम्बन गर्नु पर्ने अन्य प्रक्रिया तथा बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

९. <u>सिफारिस समितिको काम, कर्तव्य र अधिकारः</u> सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दरखास्त आव्हान गर्ने,

(ख) दरखास्त दिने व्यक्तिहरूको शैक्षिक योग्यता, कार्य अनुभव र विषय विज्ञताको छानबिन गरी योग्यता पुगेका उम्मेदवारको दरखास्त स्वीकृत गरी सोको सूची प्रकाशन गर्ने,

(ग) खण्ड (ख) बमोजिमको सूचीमा परेका उम्मेदवारहरूलाई आफ्नो व्यावसायिक कार्ययोजना प्रस्तुतीकरण गर्न लगाउने,

(घ) उम्मेदवारहरूको अन्तर्वार्ता लिने,

(ङ) योग्यताक्रमको आधारमा बढीमा तीन जनासम्मको नाम नियुक्तिको लागि सिफारिस गर्ने।

१०. <u>सूचना प्रकाशन गर्ने:</u> (१) सिफारिस समितिले पदाधिकारीको पदमा नियुक्तिको लागि कम्तीमा एक्काइस दिनको अवधि दिई कुनै राष्ट्रियस्तरको दैनिक पत्रिका, मन्त्रालयको वेबसाइट र सूचना पाटीमा सूचना प्रकाशन गरी ईच्छुक व्यक्तिबाट अनुसूचि-२ बमोजिमको दरखास्त/प्रतिवद्धता आव्हान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भए पछि सो सूचना बमोजिमको पदमा नियुक्त हुन चाहने दफा ३ बमोजिमको योग्यता पुगेको व्यक्तिले देहाय बमोजिमका विवरण तथा कागजातको प्रमाणित प्रति संलग्न गरी मन्त्रालय समक्ष दरखास्त दिन सक्नेछः-

(क) नागरिकताको प्रतिलिपि,

(ख) व्यक्तिगत विवरण,

(ग) शैक्षिक प्रमाणपत्रको प्रतिलिपि,

(घ) अनुभव खुल्ने कागजातको प्रतिलिपि,

(ङ) उपदफा (१) बमोजिमको सूचनामा तोकिएको अन्य आवश्यक कागजात।

(३) उपदफा (२) बमोजिम कार्यकारी प्रमुखको पदमा दरखास्त दिने व्यक्तिले त्यस्तो दरखास्त साथ आफू नियुक्त हुन चाहेको सार्वजनिक निकायको सुधार सहितको पाँच हजार शब्दमा नबढाई तयार गरिएको व्यावसायिक कार्ययोजना समेत छुट्टै खाममा सिलबन्दी गरी पेश गर्नु पर्नेछ।

तर कार्यकारी प्रमुखको रुपमा काम गर्नु पर्ने पद बाहेकका अन्य अध्यक्ष, उपाध्यक्ष वा सदस्यको पदमा नियुक्ति वा मनोनयनका लागि दरखास्त गर्दा व्यावसायिक कार्ययोजना आवश्यक पर्ने छैन ।

११. <u>उम्मेदवारको सूची प्रकाशन गर्ने:</u> सिफारिस समितिले दरखास्त दिने अवधि समाप्त भए पछि सम्बन्धित कानून तथा यस निर्देशिका बमोजिम योग्यता पुगेका र रितपूर्वक प्राप्त भएका दरखास्तहरूको आधारमा स्वीकृत उम्मेदवारको नामावली सहितको सूची प्रकाशन गर्नु पर्नेछ।

१२. <u>मूल्याङ्कनको आधार:</u> (१) कार्यकारी प्रमुखको पदमा नियुक्तिको सिफारिसको लागि उम्मेद्वारको सिफारिस गर्दा अनुसूची-३ मा उल्लेख भए बमोजिम शैक्षिक योग्यता, अनुभव, व्यावसायिक कार्ययोजना, व्यावसायिक कार्ययोजना प्रस्तुतीकरण र अन्तवार्ताको आधारमा मूल्याङ्कन गरिनेछ।

(२) कार्यकारी प्रमुखको रुपमा काम गर्नु पर्ने पद बाहेकका अन्य अध्यक्ष, उपाध्यक्ष वा सदस्यको पदमा नियुक्ति वा मनोनयनका लागि मूल्याङ्कन गर्दा कार्ययोजना प्रस्तुतीकरण र अन्तरवार्ता वाहेक अन्य योग्यताको आधारमा मूल्याङ्कन गरिने छ ।

१३. <u>सिफारिस तथा नियुक्तिः</u> (१) सिफारिस समितिले दफा १२ बमोजिमको मूल्याङ्कनको आधारमा उम्मेदवारको शैक्षिक योग्यता तथा अनुभव, व्यावसायिक कार्ययोजना, व्यावसायिक कार्ययोजना प्रस्तुतीकरण तथा अन्तरवार्तामा प्रदान गरिएको अङ्क जोडी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने तीनजना योग्य उम्मेदवारको छनौट गरी नियुक्तिका लागि मन्त्रालयमा सिफारिस गर्नु पर्नेछ र सम्बन्धित व्यक्तिलाई सोको जानकारी समेत दिनु पर्नेछ।

तर कार्यकारी प्रमुखको रुपमा काम गर्नु पर्ने पद बाहेकका अन्य अध्यक्ष, उपाध्यक्ष वा सदस्यको पदमा नियुक्ति वा मनोनयनका लागि दफा १२ को उपदफा (२) को मूल्याङ्कनको आधारमा सिफारिस गर्न बाधा पर्ने छैन ।

(२) उपदफा (१) बमोजिम सिफारिस भएका उम्मेदवारहरुमध्येबाट अधिकार प्राप्त अधिकारीले उपयुक्त ठहऱ्याएको व्यक्तिलाई पदाधिकारीको पदमा नियुक्ति गरिनेछ ।

१४. <u>नियुक्ति वा मनोनयन गर्नेअधिकारः</u> सार्वजनिक निकायमा पदाधिकारीको नियुक्ति गर्ने अधिकार अनुसूची-४ मा उल्लेख भए बमोजिमको अधिकार प्राप्त अधिकारीलाई हुनेछ ।

१५. <u>कार्यसम्पादन करार गर्नु पर्नेः</u> (१) मन्त्रालयको सचिवले कार्यकारी प्रमुख नियुक्ति भएको मितिले पन्ध्रदिनभित्र त्यस्तो कार्यकारी प्रमुखसँग कार्यसम्पादन करार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यसम्पादन करारमा देहायका विषय उल्लेख गर्नु पर्नेछः-

(क) कार्यकारी प्रमुखले पूरा गर्नु पर्ने कामको विवरण,

(ख) निजले पेश गरेको व्यावसायिक विवरण, सम्बन्धित सार्वजनिक निकायको सुधारका लागि कार्यान्वयन गरिने योजना, रणनीति, कार्यक्रम तथा त्यसको कार्य तालिका,

(ग) खण्ड (क) वा (ख) बमोजिम निजले कार्य सम्पादन गर्दा देखिने वा प्राप्त हुने प्रतिफल वा उपलब्धिको विवरण,

(घ) खण्ड (ग) बमोजिमको प्रतिफल वा उपलब्धि मापन गर्न सकिने सूचक र त्यसको मूल्याङ्कनको संयन्त्र,

(ङ) अन्य आवश्यक विषय ।

(३) उपदफा (१) बमोजिमको कार्यसम्पादन करार बमोजिम कार्यकारी प्रमुखबाट कार्यसम्पादन भए नभएको विषयमा मन्त्रालयले प्रत्येक वर्ष मूल्याङ्कन गर्नेछ ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार

(४) उपदफा (३) बमोजिम कार्यसम्पादनको स्तर पचास प्रतिशतभन्दा कम हुने कार्यकारी प्रमुखलाई सम्बन्धित कानूनको अधीनमा रही अधिकार प्राप्त अधिकारीले हटाउन सक्नेछ ।

तर त्यसरी हटाउनु अघि निजलाई सफाईको मनासिब माफिकको मौका दिनु पर्नेछ ।

१६. <u>दोहोरो सुविधा नपाउने</u>: सार्वजनिक निकायमा नियुक्ति वा मनोनयन भएका पदाधिकारीले सरकारी कोषबाट निवृत्तभरण प्राप्त गरिरहेको भए निवृत्तभरण वा तलब मध्ये कुनै एक मात्र लिन पाउनेछ।

१७. <u>बाधा अड्काउ फुकाउने अधिकार</u>: यस निर्देशिकाको कुनै व्यवस्थाको कार्यान्वयनमा कुनै कठीनाई वा द्विविधा उत्पन्न भई बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार मन्त्रालयलाई हुनेछ।

१८. <u>खारेजी र बचाउ</u>: (१) देहायका मापदण्ड खारेज गरिएको छः-

(क) कृषि विकास मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७४

(ख) पशुपंक्षी विकास मन्त्रालय अन्तर्गतका सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७४।

(२) उपदफा (१) बमोजिम खारेज भएका मापदण्ड बमोजिम भए गरेका काम कारबाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

अनुसूची- १

(दफा २ को खण्ड (झ) सँग सम्बन्धित)

<u>सार्वजनिक निकाय</u>

१. कृषि सामग्री कम्पनी लिमिटेड
२. राष्ट्रिय चिया तथा कफी विकास बोर्ड
३. कपास विकास समिति
४. नेपाल कृषि अनुसन्धान परिषद्
५. कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति
६. दुग्ध विकास संस्थान
७. राष्ट्रिय दुग्ध विकास बोर्ड
८. नेपाल पशु चिकित्सा परिषद्

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

अनुसूची - २

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

<u>नियुक्त वा मनोनयन हुन चाहने पदाधिकारीले पेश गर्नु पर्ने दरखास्त/प्रतिवद्धता पत्रको ढाँचा</u>

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय अन्तर्गत तथा सम्बद्ध देहायको सार्वजनिक निकायको देहायको पदमा नियुक्ति वा मनोनयन भई सेवा गर्ने ईच्छा भएकोले देहायका विवरण तथा कागजात संलग्न गरी यो प्रतिवद्धता पत्र पेश गरेको छु। सो पदमा नियुक्ति वा मनोनयनको लागि आवश्यक पर्ने योग्यता तथा अनुभव रहेको स्वघोषणा समेत गर्दछु र नियुक्ति वा मनोनयन भएको अवस्थामा प्रचलित कानून बमोजिम ईमान्दारीपूर्वक आफ्नो पदीय जिम्मेवारी पूरा गर्ने प्रतिवद्धता व्यक्त गर्दछु।

**१. नियुक्त वा मनोनयन हुन चाहेको सार्वजनिक निकायको नामः ....................**

**२. नियुक्त वा मनोनयन हुन चाहेको पद........................................**

**३. प्रतिवद्धता पेश गर्ने व्यक्तिको,-**

(क) व्यक्तिगत विवरण

नाम थरः

नागरिकता नं. र नागरिकता जारी जिल्लाः

स्थायी ठेगानाः

अस्थायी ठेगानाः

जन्म मितिः

सम्पर्क नं.:

ईमेलः

(ख) शैक्षिक योग्यताको विवरणः

| क.सं. | उपाधि | विश्वविद्यालय/शिक्षण संस्था | उत्तीर्ण गरेको साल | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

(ग) अनुभवः

| क.सं. | पद | कार्यरत संस्था | कार्यरत अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय सिंहदरबार, काठमाडौं

(घ) लेख रचना तथा अन्य प्रकाशनः

| क्र.सं. | लेख रचना र प्रकाशनको नाम वा विषय | प्रकाशित जर्नल, पुस्तक | प्रकाशन भएको साल | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

(ङ) अन्य केही खुलाउनु पर्ने भएः

| क्र.सं. | पद | कार्यरत संस्था | कार्यरत अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

(च) संलग्न कागजात तथा विवरणः

(१) नागरिकताको प्रतिलिपि,
(२) व्यक्तिगत विवरण,
(३) शैक्षिक प्रमाणपत्रको प्रतिलिपि,
(४) अनुभव खुल्ने कागजातको प्रतिलिपि,
(५) अन्य आवश्यक कागजात।

माथि उल्लेख गरेका सबै विवरणहरु साँचो हुन, झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

| औंठाको छाप | |
|---|---|
| | |
| दायाँ | बायाँ |

दस्तखतः ..............................

मितिः २०......../........../.........

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

## अनुसूची - ३
(दफा १२ सँग सम्बन्धित)

### कार्यकारी प्रमुख पदमा नियुक्तिको लागि छनौटको अङ्क प्रदान गर्ने आधार

| | | |
|---|---|---|
| १. | शैक्षिक योग्यता मूल्याङ्कनको आधार: | पूर्णाङ्क: ३० |
| | (क) न्यूनतम शैक्षिक योग्यता वापत | - २५ अङ्क |
| | (ख) अतिरिक्त शैक्षिक योग्यता वापत | - ५ अङ्क |

२. अनुभव मूल्याङ्कनको आधार: पूर्णाङ्क: ५

नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा आंशिक लगानीमा स्थापना भएको सार्वजनिक संस्थान वा निकाय वा प्रचलित कम्पनी कानून बमोजिम स्थापना भएको कुनै राष्ट्रियस्तरको कम्पनीमा अधिकृतस्तरको तहमा रही सेवा गरेको अवधिको हरेक वर्ष १ अङ्कका दरले अधिकतम ५ अङ्क ।

| | | |
|---|---|---|
| ३. | व्यावसायिक कार्ययोजनाको मूल्याङ्कनको आधार: | पूर्णाङ्क: २० |
| | (क) अवधारणागत स्पष्टता | -६.० अङ्क |
| | (ख) सही सूचना र विश्लेषण | -३.० अङ्क |
| | (ग) समस्याको पहिचान र सुधारका लागि सुझाव | -६.० अङ्क |
| | (घ) लेखन शैली | - ५.० अङ्क |
| ४. | व्यावसायिक कार्ययोजना प्रस्तुतीकरणको मूल्याङ्कनको आधार: | पूर्णाङ्क: २५ |
| | (क) अवधारणागत स्पष्टता | -८ अङ्क |
| | (ख) प्रस्तुतीकरण शैली | -६ अङ्क |
| | (ग) विषय वस्तुको विश्लेषण क्षमता | -५ अङ्क |
| | (घ) आत्मविश्वास | -३ अङ्क |
| | (ङ) समयको व्यवस्थापन | -३ अङ्क |
| ५. | अन्तरवार्ता वापत | पूर्णाङ्क: २० |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

अनुसूची - ४

(दफा १४ सँग सम्बन्धित)

<u>पदाधिकारीको नियुक्ति गर्न अधिकार प्राप्त अधिकारी वा निकाय</u>

| क्र. सं. | सार्वजनिक निकायको नाम | पदाधिकारी | नियुक्तिको अधिकार प्राप्त अधिकारी | |
|---|---|---|---|---|
| | | | मन्त्रिपरिषद् | विभागीय मन्त्रीस्तर |
| १ | नेपाल कृषि अनुसन्धान परिषद् | कार्यकारी निर्देशक | ✓ | |
| | | परिषद्मा नियुक्त वा मनोनयन हुने अन्य सदस्यहरु | | ✓ |
| २ | राष्ट्रिय चिया तथा कफी विकास बोर्ड | उपाध्यक्ष | ✓ | |
| | | कार्यकारी निर्देशक | ✓ | |
| | | बोर्डको कार्यकारी समितिका नियुक्त वा मनोनयन हुने अन्य सदस्यहरु | | ✓ |
| ३ | राष्ट्रिय दुग्ध विकास बोर्ड | कार्यकारी निर्देशक | ✓ | |
| | | बोर्डको कार्यकारी समितिका नियुक्त वा मनोनयन हुने अन्य सदस्यहरु | | ✓ |
| ४ | कृषि सामग्री कम्पनी लिमिटेड | अध्यक्ष | ✓ | |
| | | प्रबन्ध सञ्चालक | ✓ | |
| | | अन्य सदस्यहरु | | ✓ |
| ५ | कपास विकास समिति | अध्यक्ष | ✓ | |
| | | सदस्य | | ✓ |
| | | सदस्य सचिव | | ✓ |
| ६ | दुग्ध विकास संस्थान | अध्यक्ष | ✓ | |
| | | महाप्रवन्धक | ✓ | |
| | | संस्थानमा नियुक्ति मनोनयन हुने अन्य सदस्यहरु | | ✓ |
| ७ | कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति | अध्यक्ष | ✓ | |
| | | समितिमा नियुक्ति मनोनयन हुने अन्य सदस्यहरु | | ✓ |
| ८ | नेपाल पशु चिकित्सा परिषद् | अध्यक्ष | ✓ | |
| | | रजिष्ट्रार | ✓ | |
| | | परिषद्मा नियुक्त वा मनोनयन हुने अन्य सदस्यहरु | | ✓ |